BRITISH COUNCIL

लैङ्गिक मुद्दामा लघु चलचित्र बनाउन अनुदान

# पटकथा/प्रस्ताव-योजनाको लागी आवहान

२०७७ मंगसिर २३

www.britishcouncil.org

# लैङ्गिक मुद्दामा लघु चलचित्र बनाउन अनुदानका लागि पटकथा / प्रस्ताव-योजनाको आवेदनको निमन्त्रणा

टास्कोभस्की फिल्म्स, युके र पामे फिल्म एण्ड म्युजिक फेस्टिभललाई लैङ्गिक मुद्दाहरूमा ३ लघु चलचित्र सह-निर्माण गर्नका निम्ति ब्रिटिश काउन्सिल र चलचित्र विकास बोर्डले सहयोग गर्दैछन् । अनुदान अन्तर्गत अनुदानग्रहीको लागि क्षमता बृद्धि कार्यशालामा सहभागिता सुनिश्चित गरिनेछ, जहाँ सहभागीहरूले आफ्नो प्रस्ताव योजना (पिच) वा पटकथालाई अझै विकास गर्ने लगायत चलचित्र निर्माण र वितरण, र अन्य विषयहरूमा पनि व्यावसायिक ज्ञान प्राप्त गर्नेछन् । अनुदानग्रहीलाई बेलायातीय र नेपाली सल्लाहकारहरूको संजाल मार्फत अतिरिक्त सहायता पनि प्राप्त हुनेछ । अनुदानको उपज (आउटपुट) ६ महिनाको अवधि भित्र सन् २०२१को जुन भित्र भ्याउनु पर्ने हुन्छ । अनुदान रकम न्युनतम मात्रा रु.४,००,००० हुने गरी अनुदानग्रही अनुसार फरक हुनसक्छ ।

विभिन्न पृष्ठभूमिबाट महिलारकेटीहरूको कथा मार्फत लैङ्गिक मुद्दाहरूमा चेतना जगाउने चलचित्रहरूलाई, विशेष गरी लैङ्गिक अल्पसंख्यकका कथाहरू र प्रासंगिक क्षेत्रमा महिलारकेटीहरूको आवाज र एजेन्सीलाई बढाउने कथा वा चलचित्रलाई अनुदानका लागि प्राथमिकता दिइनेछ ।

इच्छुक आवेदकहरूले निम्न लिखित कुराहरू पढी लिंकमा राखिएको डिजिटल आवेदन फारम भरेर आफ्नो पटकथा वा प्रस्ताव योजना (पिच) बुझाउन सक्नुहुन्छ । पटकथा वा पिच अन्तराष्ट्रिय प्यानलले मुल्याङ्कन गर्नेछ । आवेदन बुझाउने अन्तिम म्याद सन् २०२०को डिसेम्बर २८ को साँझको ६ बजे, नेपाली मानक समय हो ।

थप प्रश्न वा आवेदन फारम संग सहयोगका लागि arts@britishcouncil.org.np वा 9851249785 मा सम्पर्क गर्नुहोस् ।

## टास्कोभस्की फिल्म्स बारे

टास्कोभस्की फिल्म्स लि. स्वतन्त्र वृतचित्रको विश्वव्यापी बिक्री र निर्माण कम्पनी हो, जुन लण्डनमा आधारित छ । विश्व भरीकै दर्शकहरूलाई संलग्न गराउने र अचम्मित पर्न सक्ने क्षमता राख्ने अभिनव, चन्चल र जोखिमपूर्ण चलचित्र निर्माणलाई प्रोत्साहित गर्ने कम्पनीको रूपमा यस कम्पनी मान्यता प्राप्त छ ।

## पामे फिल्म एण्ड म्युजिक फेस्टिभल बारे

पामे फिल्म एण्ड म्युजिक फेस्टिभल कला र संस्कृतिका विभिन्न पक्षहरूमा केन्द्रित संस्कृतिक कार्यक्रम हो । यस अन्तर्गत वर्ष भरि फिल्म प्रदर्शनी, छलफल कार्यक्रम र कार्यशाला जस्ता कार्यक्रमहरू आयोजना हुन्छन् ।

## नेपाल चलचित्र विकास बोर्ड बारे

चलचित्र विकास बोर्ड नेपाल सरकारद्वारा सन् २०२०को जुन ३०मा नेपालको चलचित्र क्षेत्रको विकास र प्रोसाहनमा चासो जगाउने उदेश्यका साथ स्थापना गरिएको हो ।

सन् २०२०मा चलचित्र विकास बोर्डले राष्ट्रिय र अन्तराष्ट्रिय महत्वका आशाजनक पटकथाहरु संकलन, तुलना र समर्थन गर्ने प्रयासको रूपमा ‘स्टोरी बैंक’ सुरू गरेको थियो ।

# अनुदान विवरण

ब्रिटिश काउन्सिलद्वारा तीन अनुदान पुरस्कार प्रदान गरिनेछ। हरेक अनुदान पुरस्कारमा न्युनतम रकम रु.४,००,०००को आर्थिक सहयोग, बेलायती र अन्तराष्ट्रिय विज्ञहरू संग टास्कोभस्की फिल्म्स मार्फत एक कार्यशाला, निर्माण अवधि भरि बेलायती र नेपाली सल्लाहकारहरू संग मार्गदर्शन, राष्ट्रिय र अन्तराष्ट्रिय कार्यक्रममा सहभागिता जनाउन लाग्ने खर्च थप आर्थिक सहायता समावेश गरिनेछ।

## योग्यता

- आवेदक १८ वा बढी उमेरका व्यक्ति हुनुपर्नेछ।
- २० मिनेट भन्दा कम अवधिको लघु चलचित्रहरू मात्र समावेश गरिनेछ।
- आवेदक नेपाली वा नेपाली मूलका बेलायतमा रहेका प्रवासी हुनुपर्नेछ।
- बुझाइएको पटकथा वा पिच मौलिक हुनुपर्नेछ र/वा बुझाइएको पटकथाको लेखक दोस्रो व्यक्ति भएमा पटकथाको चलचित्रको अधिकार आवेदक संग हुनुपर्नेछ।
- आवेदक संग चलचित्र निर्माणमा काम गरेको अनुभव हुनुपर्नेछ। चलचित्र निमार्णकार्यमा कुनै पनि व्यवसायिक संलग्नतालाई डिजिटल स्क्रिनरको लिंक सहित आवेदनमा समावेश गर्नु पर्नेछ।
- आवेदकले जनवरीमा बहु-दिने कार्यशाला र ६-महिने निर्माणकार्य तालिकाका लागि प्रतिवद्धता दिन सक्नु पर्नेछ। कार्यशालाका मिति अनुदान पुरस्कार घोषणा पछि सार्वजनिक गरिनेछ।
- क्षमता वृद्धि, मार्गदर्शन सम्बन्धि सञ्चारका लागि आवेदकहरू संग राम्रो इन्टरनेटको पहुँच हुनुपर्नेछ। चलचित्रको छायांकन र निर्माण पछिको कामका लागि आवश्यक उपकरणहरू अनुदान रकम भित्र व्यवस्थित हुनुपर्नेछ र सन् २०२१को जुन भित्र अन्तिम उपज चलचित्र निर्माण हुनुपर्नेछ।
- अनुदान दुवै कथानक चलचित्र र वृतचित्रका लागि खुला हुनेछ। निर्माणाधिन चलचित्रको निर्माणकार्य समाप्ति र वितरण अनुदान रकमले भ्याउने खण्डमा ती चलचित्रले पनि आवेदन गर्न सक्नेछन्।

## मुल्याङ्कन

यस सह-निर्माणमा सहभागी प्रत्येक संस्थाका प्रतिनिधिहरू समावेश गरिएको एक अन्तराष्ट्रिय प्यानलले आवेदनहरू मुल्याङ्कन गर्नेछन्। सो प्यानलले निम्न प्रश्नहरूको आधारमा निर्णय गर्नेछन्:

- **सम्भाव्यता**: के प्रदान गरिएका स्रोत वा साहयता प्रयोग गरि प्रस्तावित चलचित्र ६ महिना भित्र बन्छ?
- **विषयवस्तु**: के पटकथा वा पिचले लैङ्गिक मुद्दामा चेतना जगाउने, र/वा महिला/केटीहरूको आवाज र एजेन्सीलाई बढावा दिने उदेश्य पुरा गर्छ? के लेखन र कथावस्तु मौलिक छन्?
- **सृजनात्मकता**: के पटकथा वा पिचले चलचित्र निर्माणकार्य र कथाकारी मार्फत विषयवस्तुलाई उचित ढंगले प्रस्तुत गर्न सक्ला?

## आवेदन फारम

यस आवेदनमा डिजिटल फारम समावेश गरिएको छ। यस फारम अन्तर्गत निम्न कुराहरू बुझाउन पर्नेछ :

- सम्पर्क विवरण
- पटकथा र पिच (प्रस्ताव योजना)
- पोर्टफोलियो (आफ्नो चलचित्र निर्माणकार्यको यात्राका मुख्य उपलब्धि र माइलस्टोनहरू समावेश गरिएको निर्माणकार्यका तस्विर, लेखन र लिंक सहितका अन्य माध्यमका सृजनाहरूको एक दृष्टिगत अभिलेख)
- विगतका कामका अनलाइन स्क्रिनरका लिंक
- विगतका उपलब्धिहरू बारे प्रश्नहरू, अनुदान कार्यक्रम प्रतिको प्रतिवद्धता र उदेश्यको बयान

## बौद्धिक सम्पति

चलचित्रको लेखकत्व र स्वामित्व चलचित्र निर्माता र संस्थागत सह-निर्माताको संयुक्त रूपमा लिनेछन्, जसको लिखित रूपमा अभिलेख राखिनेछ। ब्रिटिश काउन्सिलले चलचित्रलाई गैर-व्यवसायिक रूपमा प्रदर्शन गर्ने सीमित अधिकार कायम गर्नेछ। यी प्रदर्शनीहरू ब्रिटिश काउन्सिलको विमेन 'अफ द वर्ल्ड फेस्टिवल' र अन्य सान्दर्भिक कार्यक्रमहरूमा हुनेछन्, जस अन्तर्गत साझेदारहरूले पुरा गर्ने वचनवद्धताहरू हुने सम्भावना रहनेछ।

ब्रिटिश काउन्सिलद्वारा गरिने चलचित्र प्रदर्शनी संस्थागत सह-निर्माताहरू र निर्माताहरूको सहकार्यमा आयोजना गरिनेछन्।